मिति २०७७/०७/२६

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
रेडक्रसग्राम ,चितवन
बागमती प्रदेश, नेपाल

## *औषधी तथा सर्जिकल सामान खरिद संबन्धी शीलबन्दी दरभाउपत्र आव्हानको सूचना*

१. यस कार्यालयबाट निःशुल्क वितरण गर्न औषधी तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नु परेकोले इच्छुक व्यक्ति वा फर्मले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र दरभाउ पत्र फारम दस्तुर रु.१०००। अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने) तिरी दरभाउ पत्र खरिद गरी चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यवसायी प्रमाणपत्र, आयकर दर्ता तथा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र/म्याद थप पत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी सलग्नगरी यस कार्यालयमा पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

२. दरभाउ पत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको दरभाउ पत्र मान्य हुने छैन ।

३. सूचना प्रकाशन भएको मितिले १६ औ दिन दिनको १२:०० बजे भित्र आफैले खरिद गरेको दरभाउ पत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका दरभाउ पत्रहरु सोही दिनका १२:०० बजे पछी तुरुन्त दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन् । दरभाउ पत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्नेछैन। दरभाउ पत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४. दरभाउ पत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर कालिका नगरपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनको ग्लोबल आइ.एम.इ बैंकको धरौटी खाता न.B५०४०१०००००४ मा जम्मा गरेको सक्कलै भौचर वा क बर्गको बैंकबाट जारी भएको र दरभाउ पत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ। स्वीकृत दरभाउ पत्र दाताले स्वीकृत लागत अनुमानको ३% ले हुने रकम रु ४८१५३|०० माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

५. दरभाउ पत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ। दरभाउ पत्र दाताले दरभाउ पत्र को आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ। संझौता हुदा औषधीको परिमाणमा थपघट हुन सक्नेछ। साथै दरभाउ पत्र पूर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. दरभाउ पत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाण पत्र र अन्य कुराको हकमा प्राविधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ।

७. सुई, धुलो र झोल औषधी बाहेक संर्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ। बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ।

८. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले नै ब्यहोर्नु पर्नेछ।

१०. आपूर्ति हुने औषधीका Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ। तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ।

११. सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/lebeling र प्याकिङ्को बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र <u>नेपाल सरकार द्वारा निःशुल्क बितरणको लागि</u> भन्ने बाक्यांश उल्लेख भएको हुनुपर्नेछ।

१२. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउ पत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यवसाय संवन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउ पत्रसाथ पेश गर्नु पर्नेछ।

१३. बिदेशी औषधीको हकमा औषधी ब्यवस्था विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ।

१४. दरभाउ पत्र दाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउ पत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नु पर्नेछ।

१५. एक आपसमा मिलेमतो गरी दरभाउ पत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउ पत्र स्विकृत गरीने छैन।

१६. दरभाउ पत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ।

१७. दरभाउ पत्र को प्रत्येक पानामा दरभाउ पत्र दाताको आधिकारिक ब्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ। साथै दरभाउ पत्र दाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ।

१८. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ। विस्तृत जानकारीको लागी कालिका नगरपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

| सि नं | सूचना न | विवरण | लागत अनुमान मू.अ.कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/Goods/NCB/KM/077/78 | औषधी तथा सर्जिकल सामानहरु खरिद | १६५००८५\|३० | ४८१५३\|०० | |